गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आय संकलनतर्फको बोलपत्र अव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०४/०५ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६० र ६१ ले दिएको अधिकार प्रयोग गरी यस गोदावरी नगर कार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकमा राजश्व असुली सम्बन्धी कार्य आ.व. २०७७/०७८ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नहुन सूचीत गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, यस कार्यालयको वेभ साईट WWW.godawarimunkailali.gov.np तथा कार्यालय समय भित्र गोदावरी नगरकार्यपालिका कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | उठाउनुपर्ने राजश्व शिर्षक | न्यूनतम ठेक अंक (मु.अ.कर तथा अन्य कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर | धरौटी | सूचनाको अवधी |
|---|---|---|---|---|---|
| १–०७७/७८ | पार्किङ्ग शुल्क ( अत्तरीया बस पार्क) | रु. ६,६००,०००।- (छैसट्ठि लाख मात्र) | रु. ३,०००।- | कबोल अंकको ५% | ३० दिन |
| २–०७७/७८ | कवाडी कर | रु. ५५०,०००।- (पाच लाख पचास हजार मात्र) | रु. १,०००।- | कबोल अंकको ५% | १५ दिन |

**क. ठेक्का सम्बन्धी शर्तहरु :**

१. ठेक्का अवधी २०७७ साल ठेक्का सम्झौता भएको मितिदेखि २०७८ सालको अषाढ मसान्तसम्म हुनेछ ।

२. यो सूचनामा प्रकाशित गरिएका बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्मको कार्यालय समय भित्र गोदावरी नगरपालिकाको कार्यालय, अत्तरीयाबाट खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु १६ औं दिन अपरान्ह १२:०० बजे भित्र गोदावरी नगरपालिका कार्यालय, अत्तरीयामा दर्ता गर्नुपर्ने छ । प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे गोदावरी नगरपालिकाको कार्यालय, अत्तरीयामा बोलपत्रदाताको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमश: सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

३. बोलपत्र दाताले खामको बाहिर पट्टि ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ ।

४. बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ ।

५. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी वापत कबोल अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापत यस गो.न.पा कार्यालय,

प्रशासकिय अधिकृ

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

अत्तरीया, कैलालीको नाममा रहेको एन.आई.सि एसिया बैंक अत्तरिया स्थित चल्ती हिसाव नं. ७१४१४९८६२२५२४००१ ग ३ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको जमानत (बिड बण्ड) को सक्कल प्रति पेश गरेको हुनुपर्नेछ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन ।

६. कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५% सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन। बोलपत्र खरिद गर्दा नियामानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको एन.आई.सी एसिया, कैलाली शाखामा रहेको मूल खाता नं. ७१४१४९८६२२५२४००४ ग ४ संचित कोषमा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसीद पेश गर्नुपर्ने छ।

७. बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। दर्ता भएका सिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुने छैन्न ।

८. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

९. रितपूर्वक दाखिला भएका बोलपत्र मध्ये घटी वा बढी वालाको बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहतिको बोलपत्र स्विकार्य हुने छैन ।

१०. ठेकेदारले नेपाल सरकार तथा गोदावरी नगरपालिकाको कार्यालय, कैलालीले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ। साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

११.बुँदा नं. ६ बमोजिम एकमुष्ट रकम नबुझाएमा कूल कबोल अङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको सम्मका गोदावरी नगरपालिकाले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिईनेछ। ठेक्का रकम नगरपालिकामा बुझाँउदा सो को मू.अ.कर वापतको थप १३% रकम पनि बुझाउनु पर्नेछ।

१२. ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिनभित्र | कबोल अङ्कको ३०% ले हुन आउने रकम |
| दोस्रो | २०७७ साल पौष मसान्त भित्र | कबोल अङ्कको ४०% ले हुन आउने रकम |
| तेस्रो | २०७८ ज्येष्ठ मसान्त भित्र | कबोल अङ्कको बाँकी ३०% ले हुन आउने रकम |

१३. सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर, शुल्क संकलन गर्नु पर्नेछ। सो भन्दा फरक हुने गरी कर तथा शुल्क संकलन गरेको पाईएमा नियमानुसार कारवाही हुनेछ।

१४. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१५. गोदावरी नगरपालिका, कैलालीले तोकेको कर, शुल्क संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु आन्तरीक राजश्व कार्यालय, कैलाली तथा यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ। कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ।

प्रशासकिय अधि

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

१६. ठेकेदारले ठेक्का सम्झौता पछि यस नगरपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन ।

१७. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी कर, शुल्क संकलन गर्न पाईने छैन ।

१८. ठेकेदारले गोदावरी नगरपालिका, अत्तरीया, कैलालीको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१९. ठेकेदारले ३/३ महिनामा कर संकलनको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ ।

२०. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

२१. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत